# मिति २०७७।१२।२९ गतेको १०७ औ कार्यपालिका बैठकका निर्णयहरु

१.मिति २०७७।१२।२६ गतेको बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे आजको बैठकमा समीक्षा गरियो ।

२. (क) भूमी सम्बन्धी समस्या समाधान आयोगको सम्बन्धमा लगत संकलनको लागि लगत संकलन कार्यविधि २०७७ को अनूसुचि फाराममा उल्लेख भए अनुसारको क्षेत्र निर्धारण गर्दा नगर स्तरिय सहजिकरण समितिको मिति २०७७।१२।२४ गतेको सिफारिसलाई समेत आधार मानी देहाय अनुसार क्षेत्र निर्धारण गर्ने ।

देहाय

(क) शहरी क्षेत्र साविक १ देखी १२ (खोरिया श्रीनगर लगायतका विपन्न बस्ती बाहेक)

(ख) शहर उन्मुख क्षेत्र सुब्बाकुना धुलियाबिट बामेखोला अलयाचौर चाँदनी चौकी लवस्ता राकसपाईला ठौरी करेखोला गढि लगायतका क्षेत्रहरु

(ग) ग्रामिण क्षेत्र माथी उल्लेखित बाहेकका अन्य क्षेत्रहरु

(ख) जग्गाको प्रकृति निर्धारण गर्ने सम्बन्धमा कुनै समस्या वा अन्यौलता भएमा वडा मार्फत कार्यापालिकामा पेश गर्ने । अन्य अवस्थामा वडाले नै निर्धारण गर्ने ।

३. वीरेन्द्रनगर नगरपालिका वडा नं ५ मा रहेको कालिका प्राथमिक विद्यालयलाई नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा समायोजन हुने सन्दर्भमा नेपाल सरकारको स्वामित्वमा रहेको कर्णाली प्रदेश स्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्णाली प्रदेशको प्रादेशिक कार्यालय स्थापनाका लागि कालिका प्राविको ३ कठ्ठा र सो सँगै जोडिएको ६ कठ्ठा ऐलानी प्रति जग्गा भोग चलनका लागि जिल्ला प्रशासन कार्यालय सुर्खेत र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गर्ने ।

४.(क) राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागको च न २००९ मिति २०७७।१२।१८ पत्रानुसार यस नगरपालिका व्यक्तिगत घटना दर्ता अभियान देहाय अनुसारको वडामा देहायको मितिमा संचालन गर्नका लागि आवश्यकता अनुसार वडामा प्रचार प्रसार गर्ने ।

| क्रसं | वडा नं | स्थान | मिति | समय |
|---|---|---|---|---|
| १ | १४ | बयलकाँडा<br>दर्नाकोट<br>गोठीकाँडा | २०७८ बैशाख २ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| २ | १<br>२<br>३ | कृष्ण सामुदायिक वन<br>कृष्णगंज<br>शहरी स्वस्थ्यको पुरानो भवन | २०७८ बैशाख ३ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| ३ | १<br>२<br>३ | त्रिपुरेश्वर साकोस देउतीथान<br>ठौरी<br>जगन्नानाथ आ वि | २०७८ बैशाख ४ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| ४ | १<br>२<br>३ | चुके आँप पुरानो वडा कार्यालय भवन<br>कोलडाँडा विद्यालय<br>हरिडिल भूमी मा वि | २०७८ बैशाख ५ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| ५ | ४<br>५<br>६ | कुमाइ चौक<br>कालिका मन्दिर<br>बाल विकासको भवन खोर्केलाईन | २०७८ बैशाख ६ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| ६ | ४<br>५<br>६ | हिमाली पुस्तकालय<br>ब्रिटिस क्याम्प नजिक<br>लक्ष्मी फिल्म हल नजिकको बालविकास भवन | २०७८ बैशाख ८ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७ | ४<br>५<br>६ | कृष्णटोल<br>गणेश चोक<br>जन मावि भवन | २०७८ बैशाख ९ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| ८ | ७<br>८<br>९ | वन समिति कार्यालय<br>शहरी स्वास्थ्य<br>लाटीकोइली डाँडा | २०७८ बैशाख १० | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| ९ | ७<br>८<br>९ | बाल विकास केन्द्र फुलबारी जनजागृती टोल<br>खजुरा स्कुल<br>पिपलडाँडा | २०७८ बैशाख ११ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| १० | ७<br>८<br>९ | वडा कार्यालय<br>शिव मन्दिर<br>वडा सम्पर्क कार्यलय बिच टोल | २०७८ बैशाख १२ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| ११ | १०<br>११<br>१२ | बुदबुदी<br>चौकेढुँगा<br>पिपिरा | २०७८ बैशाख १३ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| १२ | १०<br>११<br>१२ | बामेखोला<br>सुब्बाकुना<br>भावरटोल | २०७८ बैशाख १४ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| १३ | १०<br>११<br>१२ | घुस्रा स्कुल<br>बस्तीपुर चोक<br>पुरानो वडा कार्यालय | २०७८ बैशाख १५ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| १४ | १३ | नलखोला विद्यालय<br>इन्द्रपुर<br>करेखोला विद्यालय | २०७८ बैशाख १६ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| १५ | १५ | रतुदेवीस्थान<br>भालुखोला<br>वडा कार्यालय | २०७८ बैशाख १७ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |
| १६ | १६ | मेहेली हेपो<br>गर्पन विद्यालय<br>सानीलेख विद्यालय | २०७८ बैशाख १८ | बिहान १० बजेदेखि साँझ ४ बजे सम्म |

(ख) राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागको च न १७९६ मिति २०७७।११।२८ पत्रानुसार व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन नेपाल सरकार र विश्व बैंक बिच भएको सम्झौता बमोजिम सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुद्दढिकरण आयोजनाको म्याद वि स २०८० असार सम्म थप हुने साथै सेवा इकाईमा कार्यरत कर्मचारीहरुको एक चौमासिक वाफतको बजेट साझेदारी गर्ने विषय आजको बैठकमा जानकारी गरियो ।

यस सन्दर्भमा यस नगरपालिकामा रहेको सेवा इकाईमा कार्यरत २ जना एम आई एस अपरेटर र १ जना फिल्ड सहायकको तलब मध्ये एक चौमासिक वाफत हुन आउने बजेट साझेदारी गर्न नसकिने हुँदा निजहरुलाई तीन चौमासिककै तलब भत्ता विभागबाट नै उपलब्ध हुने गरी कार्यक्रम संचालन गर्न विभागलाई अनुरोध गर्ने ।

४. नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनका लागि एक कार्य संचालन निर्देशिका तर्जुमा गर्नका लागि विभिन्न क्षेत्रहरुबाट राय सुझावहरू समेटी आगामी बैठकमा मस्यौदा पेश गर्न सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

Scanned with CamScanner

५. निम्न विद्यालयहरुमा भवन निर्माणका लागि उपलब्ध गराईएको बजेट अपुग भएको हुँदा चालु आर्थिक वर्षको कोरोना रोकथाम तथा नियन्त्रण कोषबाट रु ५० लाख रकमान्तर गरि लागत अनुमान बमोजिम रकम विनियोजन गर्ने ।

देहाय

श्री ने रा मा वि करेखोला वि न पा १३

श्री भैरव आ वि राम्रिकाँडा वि न पा १४

श्री जनजागृती प्रा वि पदमपुर वि न पा १२

श्री सरस्वती प्रा वि लेहडा वि न पा १६

श्री ने रा आ वि वि न पा १० चाँदनीचौकी

६. गत आर्थिक वर्ष २०७६/७७ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त अनुदान रकमबाट वीरेन्द्रनगर नगरपालिका वडा नं १० को शहरी स्वास्थ्य कार्यालय भवन निर्माण (ठेक्का नं NCB/BM/076-77/WORKS/32) का लागि श्री बबिता निर्माण सेवा सुर्खेतले रु ५१३६३२९/४५ कबोल गरेको सन्दर्भमा वडा कार्यालयको सिफारिस बमोजिम निर्माण स्थलमा वर्षाको पानीले असर गर्ने सम्भावना रही स्वीकृत नक्सा तथा डिजाइनमा १ मिटर उचाइ बढाइएको हुँदा कुल स्वीकृत रकममा रु ४९६४५६.२१ थप हुने हुँदा अनुगमन समितिबाट मूल्यांकन सिफारिस गराई कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोष शिर्षकबाट उक्त निर्माण सेवालाइ भुक्तानी दिने ।

७. यस नगरपालिकामा रहेका महिला जनप्रतिनिधिहरुका लागि अन्तरपालिका अध्ययन अवलोकन गरी क्षमता विकास गर्ने उद्देश्यका साथ सामाजिक विकास समितिबाट पेश भएको प्रस्ताव अनुसारको बजेट रु ६७०००० चालु आर्थिक वर्ष २०७७/७८ को दैनिक भ्रमण भत्ता /कार्यक्रम खर्च शीर्षकबाट खर्च लेख्ने गरी प्रस्ताव स्वीकृत गर्ने ।

८. नगरपालिकाका विभिन्न वडाहरुमा रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत सबै विद्यालय नर्सहरुका लागि चालु आर्थिक वर्ष २०७७/७८ मा पोसाक बाफत प्रति विद्यालय नर्स रु १०००० का दरले सम्बन्धित शिर्षकबाट रकम भुक्तानी हुने गरि पोषाक खर्च उपलब्ध गराउने ।

९. (क) यस नगरपालिकाका वडा नं ४ ,६ र १२ मा आफ्नै प्रशासनीक भवन नभएको र बहालमा रहेको भवनबाट सेवा प्रवाह गर्न कठिन भइरहेको सन्दर्भमा स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७७ बमोजिम श्री स्थानीय पूर्वाधार विभाग ललितपुरमा प्रशासकीय भवन निर्माणका लागि यस नगरपालिकाको प्रतिबद्दता सहितको आयोजना माग गर्ने ।

(ख) वीरेन्द्रनगर नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि गत वर्ष नै स्थानीय पूर्वाधार विभाग अनुरोध गरिएकोमा हाल सम्म पनि कुनै बजेट तथा कार्यक्रम प्राप्त हुन नआएकोले स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७७ बमोजिम नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि यस नगरपालिकाको प्रतिबद्दता सहितको आयोजना माग गर्ने ।

Scanned with CamScanner